# परीक्षा सञ्चालन तथा व्यवस्थापनकार्यविधि २०७४

नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको अधिकारको सूची अन्तरगत "आधारभुत रमाध्यमिक शिक्षा" उल्लेख भएको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११, ज, (१४) मा "आधारभुत तहको परिक्षा सञ्चालन, अनुगमन, तथा व्यवस्थापन"स्थानीय तहबाट हुने प्रावधान भए अनुरुप परीक्षालाई, व्यवस्थित, मर्यादित र प्रभावकारी ढंगले सञ्चालन गर्नको लागि जहदा गाउँपालिकाद्वारा यो कार्यविधि तयार गरिएको छ।

## १. सक्षिप्त नाम, विस्तार र प्रारम्भ :

क. यस कार्यविधिको नाम**परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४** रहेको छ।

ख. यो कार्यविधि जहदा गाउँपालिका भर लागूहुनेछ।

ग. यो कार्यविधि जहदा गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ।

## २. परिभाषा

विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "समन्वय समिति" भन्नाले बुँदा नं. ३ बमोजिम गाठित परीक्षा समन्वय समितिलाई जनाउँछ।

ख) "सञ्चालन समिति" भन्नाले बुँदा नं. ४ बमोजिम गठित आधारभुत शिक्षा उतीर्ण परीक्षा सञ्चालन समितिलाई जनाँउछ।

ग) "परिक्षा" भन्नाले आधारभुत तहको अन्त (कक्षा८) मा हुने परीक्षा सम्फनुपर्छ र सो शब्दले गाउँपालिकाको क्षेत्राधिकार अन्तरगत सञ्चालन हुने अन्य परीक्षाहरु समेतलाई जनाउँछ।

घ) "अन्य परीक्षा" भन्नाले गाउँपालिकाको क्षेत्राधिकार बाहिरका यस गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई जनाँउछ।

**३. परीक्षा समन्वय समिति :**१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयमा हुने परीक्षा सम्बन्धी नीति निर्धारण, रेखदेख, व्यवस्थापन र समन्वय गर्ने काम समेतको लागि देहाय बमोजिमको एक परीक्षा समन्वय समिति रहनेछ :

क. गाउँकार्यपालिकाको अध्यक्ष - अध्यक्ष

ख. गाउँकार्यपालिकाको उपाध्यक्ष - उपाध्यक्ष

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. स्थानीय तहभित्र रहेको प्रहरी कार्यालयको प्रमुख - सदस्य

ङ. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

२) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

३) परीक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार : परीक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकारअन्य कुराहरुको अतिरिक्त देहाय बमोजिम हुनेछ :

क. परीक्षा सम्बन्धी नीति निर्धारण गर्ने,

ख. आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन समिति गठन गर्ने,

ग. आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालनको लागि आवश्यक मानवीय, आर्थिक र भौतिक स्रोतको व्यवस्थापन गर्ने,

घ. परीक्षालाई स्वच्छ, मर्यादित र शान्तिपूर्ण रुपमा सञ्चालन गर्ने गराउने,

ङ. परीक्षा केन्द्र निर्धारण गर्ने,

च. परीक्षामा संलग्न व्यक्तिहरुको पारिश्रमिक निर्धारण गर्ने,

छ. परीक्षाको अनुगमन गर्ने,

ज. परीक्षा सञ्चालन समितिलाई आवश्यक निर्देशन दिने,

झ. प्रकोप वा अन्य कुनै कारणबाट परीक्षा सञ्चालनमा वाधा उत्पन्न भएमा आवश्यक निर्णय लिने,

ञ. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने अन्य परीक्षाहरुको अनुगमन, समन्वय र सहजीकरण गर्ने,

च. संघीय कानुन र प्रदेश कानुनले तोकेबमोजिम परीक्षा सम्बन्धी कार्यहरु गर्ने,

छ. परीक्षा सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

**४. आधारभुत शिक्षा उतीर्ण परीक्षा सञ्चालन समितिः**

१) आधारभुत तह (कक्षा ८) को अन्तमा हुने परीक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिम एक आधारभुत शिक्षा उतीर्ण परीक्षा सञ्चालन समिति रहनेछः-

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) स्रोतव्यक्ति - सदस्य

ग) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट समन्वय समितिले मनोनित गरेका दुई जना - सदस्य

घ) गाउँपालिका क्षेत्रभित्र सञ्चालित संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट समन्वय समितिले मनोनित गरेको एक जना - सदस्य

ङ) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुमध्ये फरक–फरक विषयको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित परीक्षा सञ्चालन समितिले मनोनित गरेको तीन जना- सदस्य

च) शिक्षा शाखा प्रमुख -सदस्य - सचिव

२) सञ्चालन समितिका मनोनित सदस्यहरुको पदावधि एक वर्षको हुनेछ ।

३) सञ्चालन समितिमा मनोनित कुनै पनि सदस्यले आफ्नो पदीय दायित्व पुरा नगरेमा वा पद अनुकुल आचरण नगरेमा मनोनयन गर्ने निकाय वा व्यक्तिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

४) परीक्षा सञ्चालन समितिको बैठक सम्बन्धी कार्यविधि समन्वय समितिको सल्लाह र सम्मति अनुरुप सञ्चालन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५) परीक्षा सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः- परीक्षा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) परीक्षा समन्वय समितिको नीति अनुरुप कार्य गर्ने,

ख) परीक्षा सञ्चालनको लागि आवश्यकता अनुसार, कार्यदल, समिति वा उपसमितिहरु गठन गर्ने,

ग) परीक्षाको लागि केन्द्राध्यक्ष नियुक्ति गर्ने,

घ) परीक्षाको अभिलेख व्यवस्थापन, प्रश्नपत्र निर्माण, परीक्षा तालिका प्रकाशन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, परिक्षाफल प्रकाशन, प्रमाणपत्र प्रमाणीकरण लगायतका कार्य गर्ने गराउने,

ङ) परीक्षाको अनुगमन, व्यवस्थापन र सहजीकरण गर्ने,

च) परीक्षा समन्वय समितिले तोकेका कार्यहरु गर्ने गराउने,

छ) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ।

नयाँ विद्यालय स्थापना र कक्षा थपको अनुमति सम्बन्धमा देहाय बमोजिम निर्णय गरियोः-

१. अगामी शैक्षिक वर्ष (२०७५) बाट सञ्चालन हुने गरी नयाँ विद्यालय स्थापनाको अनुमति प्रदान नगर्ने,

२. कक्षा थपको लागि २०७४ माघ मसान्तभित्र गाउँपालिकामा प्राप्त निवेदनहरु सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने र प्रचलित शिक्षा ऐन/नियमावलीले तोके बमोजिम विद्यालयको पूर्वाधार कायम भएको अवस्थामा प्रति वर्ष थप एक कक्षा सञ्चालनको अनुमति प्रदान गर्न सकिने,

कक्षा थपको अनुमति सम्बन्धित वडाको सिफारिस, स्रोतव्यक्ति, शिक्षा शाखा प्रमुख र सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षकको र स्थलगत प्रतिवेदन साथै गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले प्रदान गर्ने ।

तर शैक्षिक वर्ष २०७५ को लागि सामुदायिक विद्यालयको कक्षा ४, ६ र ९ को अनुमति प्रदान नगर्ने ।